# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ढल्केवर, धनुषा
### प्रदेश नं. २, नेपाल

पत्र संख्याः- ०७७।०७८

चलानी नं.:- १८११

मितिः-२०७८/०३/१८

विषय :- <u>भुक्तानी/निकासा वन्द गर्ने सम्बन्धमा</u> ।

श्री सरोकारवालाहरु सवै ।

प्रस्तुत विषयमा माहालेखा नियन्त्रक कार्यालयको प.स. २०७७।०७८ च.नं. ३६६ मिति २०७८।०३।१७ गतेको भुक्तानी/निकासा वन्द गर्ने सम्बन्धमा प्रकाशित सूचना अनुसार यस मिथिला नगरपालिकाको आ.ब.२०७७।०७८ को आर्थिक वर्ष समाप्त हुनु भन्दा एक साता अगावै अर्थात २०७८।०३।२३ गते भित्र मात्र यस कार्यालयबाट निकासा/भुक्तानी हुने व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ।साथै तोकिएको समय समाप्ती पश्चात भुक्तानी/निकासा नभएको खण्डमा भुक्तानी माँग गर्ने संस्था/फर्म/ठेकेदार/कर्मचारी/उपभोक्ता समिति तथा व्यक्ति स्वयम् जिम्मेवार हुने व्यहोरा पनि यसै पत्रद्धारा जानकारी गराईन्छ ।

(गाणेश प्रसाद भण्डारी )
लेखा अधिकृत

**<u>वोधार्थ</u>**

श्री नगर प्रमुखको सचिवालय,
श्री उप प्रमुखको सचिवालय
श्री योजना शाखा
श्री प्राविधिक शाखा(क)
श्री प्राविधिक शाखा(ख)
श्री जिन्सी शाखा
श्री विषयगत शाखा सबै
श्री वडा कार्यालय सवै

नेपाल सरकार
अर्थ मन्त्रालय
**महालेखा नियन्त्रक कार्यालय**
(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौँ
नेपाल ।

पत्र संख्या : २०७७/०७८
च.न. : ३६६

मिति : २०७८/०३/१७

विषय : भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा ईकाई कार्यालय, सबै

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको पत्र संख्या २०७७।७८ चन ८८२ मिति २०७८।०३।१५ को पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि भुक्तानी निकासा बन्द गर्ने र अत्यावश्यक देखिएमा प्रमाणका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्न सक्ने व्यवस्था गरेकोमा प्रदेश र स्थानीय सरकारको हकमा सोही नियमावलीको नियम ३० को उपनियम (७) ले आर्थिक बर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको तर अत्यावश्यक परेमा त्यस पश्चात भुक्तानी गर्न सक्ने व्यवस्था नगरेकोले सो सम्बन्धमा प्रदेश र स्थानीय सरकारको हकमा नीतिगत निर्णय हुन महालेखा नियन्त्रक कार्यालयबाट अर्थ मन्त्रालयमा पेश भएकोमा उल्लेखित नियमावलीको नियम ३०(२) को व्यवस्था प्रदेश तथा स्थानीय सरकारको हकमा लागु नहुने र यस विषयमा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावलीको प्रतिकुल नहुने गरी कानुन तर्जुमा गर्ने सक्ने मिति २०७८।०३।१५ को माननीय उपप्रधान तथा अर्थ मन्त्रिस्तरीय निर्णय भई आएको हुँदा सोही अनुसार भुक्तानी निकासा बन्द गर्नु गराउनु हुन अनुरोध छ।

डिल्ली अधिकारी
लेखा अधिकृत

बोधार्थ
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौँ

टेलिफोन नं. :- ०१ ४७७१२९०, ४७७०८९५, ४७७०३८६ (ext - २१९), फ्याक्स : - ०१ ४७७१२९१,
email : tms@fcgo.gov.np, website : www.fcgo.gov.np